# सूची दर्ता गर्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०३/१०)

चालु आर्थिक वर्ष २०७५/०७६ का लागि यस विकास बैंकलाई आवश्यक पर्ने तपशिलमा उल्लेखित सामान तथा सेवाहरु आपूर्ति/प्रदान गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोवार गर्न स्वीकृति प्राप्त गरेका तथा कालो सूचीमा नपरेका ईच्छुक रजिष्टरफर्म/कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति/प्रदान गर्ने सामान एवं सेवाहरुको विवरण, फर्म/कम्पनी दर्ता प्रमाणपत्र/स्थायी लेखा नं. (प्यान/भ्याट) दर्ता प्रमाणपत्र, आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि तथा सूची दर्ताको लागि निवेदन समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** यस विकास बैंकको प्रधान कार्यालय लाजिम्पाट, काठमाण्डौंमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आपूर्ति/उपलब्ध गराउनु पर्ने सामान तथा सेवाहरु :**

१. स्टेशनरी, क्यालेण्डर, वोर्ड/ब्यानर, ब्रोशर, ATM Card र PIN mailer, चेक जस्ता छपाई सम्बन्धी सम्पूर्ण कार्य,
२. स्टेशनरी तथा मसलन्द सामान आपूर्ति,
३. ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक्स सामान र सो सामानहरुको मर्मत सम्भार समेतको कार्य,
४. कार्यालय उपकरण, कम्प्युटर, युपिएस, प्रिन्टर, फोटोकपी, फ्याक्स, स्क्यानर,नोट काउन्टिङ मेशिन, चेक राइटर, सिसि टिभि क्यामेरा तथा अन्य सामानहरुको आपूर्ति तथा सो को मर्मत सम्भार समेतको कार्य,
५. प्रिन्टर, फोटोकपी, फ्याक्स आदिमा लाग्ने ईन्क, रिबन, टोनर, कार्टेज आपूर्तिको कार्य,
६. जेनेरेटर, एयरकण्डिसनर, ब्याट्री, स्टेवलाईजर आदिको आपूर्ति तथा मर्मत सम्भार कार्य,
७. सुरक्षा गार्ड सम्बन्धी कार्य,
८. आन्तरिक डेकोरेशन तथा निर्माण सम्बन्धी कार्य,
९. आन्तरिक डेकोरेशन तथा निर्माण सम्बन्धी कार्यको लागि इन्जिनियरिङ कन्सल्टेन्सी सेवा,
१०. अन्य विविध सामानहरु आपूर्ति तथा मर्मत सम्भार कार्य ।

**अन्य जानकारीहरु :**

क. सूचिकृतको लागि पेश हुन आएको विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानि निवेदन दिनेहरु मध्यबाट योग्य ठहरिएको बिक्रेता, फर्म, कम्पनीलाई मात्र सूचिकृत गरिने छ ।
ख. सूचिकृत भएका बिक्रेता फर्महरुबाट विकास बैंकको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोल द्वारा भाग लिनुपर्नेछ ।
ग. सूचिकृत भएका फर्म, कम्पनी तथा बिक्रेताहरुलाई पत्र द्वारा सो को जानकारी गराईनेछ ।
घ. सूचिकृत भएका फर्म तथा कम्पनीहरुले सन्तोषजनक सेवा तथा समयमा सामान आपूर्ति नगरेको खण्डमा बिना सूचना सूचिबाट हटाउन सकिने छ । यस उपर कुनै दाबी बिरोध गर्न पाईने छैन ।
ङ. सूचिकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस विकास बैंकमा निहित रहनेछ ।
च. सूचिकृत हुन चाहने फर्म, कम्पनीले आफ्नो सम्पूर्ण विवरण खुल्ने गरी विकास बैंकको प्रधान कार्यालयमा आवेदन दिनु पर्नेछ ।
छ. यस सम्बन्धी थप जानकारीको लागि विकास बैंकको प्रधान कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।


*"Access to All"*

**गरिमा विकास बैंक लिमिटेड**

**Garima Bikas Bank Limited**

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**प्रधान कार्यालयः** लाजिम्पाट, काठमाण्डौ

**फोन :** ०१-४४५४२४/२५/२६, **वेभसाइटः** www.garimabank.com.np